नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

परियोजना कार्यान्वयन एकाइ, पर्सा ।

## प्रस्ताव आह्वान सम्बन्धि सूचना ।

**सूचना नं.:- ०७८/०७९-१०**

**दोश्रो पटक सूचना प्रकाशन मितिः २०७८/१०/०७**

प्रस्तुत विषयमा परियोजना कार्यान्वयन एकाइ, पर्साको चालू आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतको **चक्लाबन्दी खेती मार्फत न्यूनतम ५ हे क्षेत्रमा पोखरी निर्माण तथा माछा उत्पादन कार्यक्रम** सञ्चालन गर्न जिल्ला भित्रका परियोजना कार्यान्वयन म्यानुअल-२०७७ अनुसारका इच्छुक योग्य आवेदकहरुबाट मिति २०७८/०८/०३ गते सूचना प्रकाशित गरी सोही म्यानुअलको अनुसूची-१० बमोजिमको ढाँचामा तथ्यांक फारम, प्रस्तावित क्रियाकलाप एवं आर्थिक विवरण सहितको आवेदन माग गरिएको थियो । उक्त सूचना अनुसार पर्याप्त आवेदन सहितको प्रस्तावना प्राप्त हुन नसकेको हुनाले उक्त कार्यक्रममा सहभागी हुनकोलागि यो सूचना दोश्रो पटक प्रकाशित गरिएको छ । यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र (मिति २०७८/१०/२१ गते कार्यालय समय भित्र) अनुसूची-१० बमोजिमको ढाँचामा तथ्यांक फारम, प्रस्तावित क्रियाकलाप एवं आर्थिक विवरण सहितको आवेदनका साथ तपसिलमा उल्लेखित कागजातहरु संलग्न गरी यस एकाईमा पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नोटः**

१ *परियोजना कार्यान्वयन म्यानुअल-२०७७ को अनुसूची-१० बमोजिमको आवेदन फर्मेट/ढाँचा परियोजना कार्यान्वयन एकाई, पर्साबाट प्राप्त गर्न सकिनेछ । अन्य कुनै थप जानकारी आवश्यक भएमा परियोजना कार्यान्विन एकाइ, पर्सा वा मोबाइल नं. ९८६०३२३१९९ (दीपेन्द्र चौधरी) वा मोबाइल नं. ९८६५१९३१७९ (रिफान चौधरी)मा सम्पर्क गर्न सकिनेछ ।*

**आवेदन साथ अनिवार्य संलग्न गर्नुपर्ने कागजातहरु:**

२ कार्यक्रममा सहभागिताका लागि रु.१० को टिकट टाँस गरिएको अनुसूची-१० बमोजिमको आवेदन ।

३ अनुसूची-१० बमोजिमको आवेदनका साथ माग भएका कागजातहरुको प्रतिलिपि (संस्था दर्ता प्रमाणपत्र, VAT/PAN दर्ता प्रमाण पत्र, आवेदकसंस्थाको कारोबार खुल्ने आ.व. २०७७/०७८ को लेखा परीक्षण प्रतिवेदन,... आदि)

४ परियोजना कार्यान्वयन एकाईमा आवेदन पेश गर्ने अधिकारिक/अख्तियार प्राप्त व्यक्ति तोकेको निर्णयको प्रतिलिपी ।

५ परियोजना अन्तर्गत आवेदन दिने तथा प्रस्तावित कार्यक्रमका लागि अनुदान माग सम्बन्धमा कार्य/संचालक समितिको निर्णयको प्रतिलिपि ।

६ आवेदन पेश गर्ने अधिकारिक/अख्तियार प्राप्त व्यक्तिको नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।

७ आवेदक संस्थाको नाममा बैंकमा रहेको खाता नं. खुल्ने कागजातको प्रतिलिपि ।

८ चक्लाबन्दी खेती मार्फत न्यूनतम ५ हे क्षेत्रमा पोखरी निर्माण तथा माछा उत्पादन कार्यक्रममा सहभागिताको लागि सम्बन्धित स्थानिय निकायको सिफारिश पत्र ।

९ कार्यक्रम सञ्चालन हुने स्थानको जग्गाको जग्गाधनी प्रमाणपत्रको प्रतिलिपी ।

नि. बरिष्ठ कृषि अधिकृत

दिपेन्द्र मनोहर चौधरी

नि. वरिष्ठ कृषि अधिकृत

Email : pmamp.piu.parsa@gmail.com
Mobile : 9855036412

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
## परियोजना कार्यान्वयन एकाइ, पर्सा

प.सं. : ०७८/०७९
च.नं. : १०३

मिति: २०७८/१०/१०

१. श्री महानगर/नगर/गाँउ कार्यपालिकाको कार्यालय

क. श्री बिरगञ्ज महानगरपालिका
ख. श्री बहुदरमाई नगरपालिका
ग. श्री पोखरिया नगरपालिका
घ. श्री पर्सागढी नगरपालिलका
ङ. श्री कालिकामाई गाँउपालिका
च. श्री जगरनाथपुर गाँउपालिका
छ. श्री छिपहरमाई गाँउपालिका
ज. श्री पकाहा मैनपुर गाँउपालिका
झ. श्री सखुवा प्रसौनी गाँउपालिका
ञ. श्री पटेर्वा सुगौली गाँउपालिका
ट. श्री जीराभवानी गाँउपालिका
ठ. श्री ठोरी गाँउपालिका
ड. श्री बिन्दबासिनी गाँउपालिका
ढ. श्री धोबिनी गाँउपालिका

विषय: सूचना टाँस गरिदिने सम्बन्धमा ।

प्रस्तुत विषयमा यस एकाइबाट **चक्लाबन्दी खेती मार्फत न्यूनतम ५ हे क्षेत्रमा पोखरी निर्माण तथा माछा उत्पादन कार्यक्रम** सञ्चालन सम्बन्धमा मिति २०७८/१०/०७ गते दोश्रो पटक प्रकाशित संलग्न सूचना थान-१ तहाँ पालिकाको सूचना पाटी, कृषि शाखा तथा मातहतको निकायमा टाँस गरिदिनु हुन तथा सो को जानकारी यस एकाइमा उपलब्ध गराइ दिनुहुन सादर अनुरोध छ।

............................
दिपेन्द्र मनोहर चौधरी
नि. व. कृषि अधिकृत

दिपेन्द्र मनोहर चौधरी
नि. वरिष्ठ कृषि अधिकृत